प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०९/२७

(बेलुका ५:०० बजे)

❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारी:

- ❖ बागमती प्रदेशमा जम्मा जनसंख्या* ६२८३९९४ जना ।
- ❖ कोभिडकोलागि गरिएको पिसिआर परिक्षणको संख्या ११०११५७ जना ।
- ❖ कोभिडको संक्रमण (पिसिआर परिक्षण पोजीटिभ) संख्या १४५४२८ जना ।
- ❖ संक्रमण को जम्मा पोजीटिभ दर १३.२१ प्रतिसत ।
- ❖ सबभन्दा बडी सक्रिय संक्रमण भएका तिन जिल्लाहरु काठमान्डौ, ललितपुर र भक्तपुर हुन् ।
- ❖ सक्रिय संक्रमण सबै जिल्लामा पाइएको छ ।
- ❖ जम्मा आइसीयु बेडको संख्या ४१५,आइसीयु मा भर्ना भएको संख्या ७२ जना ।
- ❖ जम्मा भेन्टिलेटरबेड को बेड संख्या १६०, भेन्टिलेटरबेडमा भर्ना भएको संख्या २१ जना।
- ❖ प्रदेशमा भएको पिसिआर प्रोयोगशालाको संख्या ४३; सरकारी २० वटा, गैर सरकारीमा २३ वटा ।
- ❖ पिसिआरको परिक्षण सरकारी संस्थामा ५२.०९% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको ), गैर सरकारी संस्थामा ४७.९१% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको )।
- ❖ आइसोलेसन, आइसीयु, भेन्टिलेटरको राम्रो तयारी रहेको ।
- ❖ एम्बुलेन्स सेवाको पूर्व तयारी राम्रो रहेको ।
- ❖ अन्य सुरक्षाको सामग्रीको पूर्व तयारी राम्रो रहेको ।
- ❖ समग्रमा संक्रमण घट्ने क्रममा रहेको तर कोभिड संक्रमणकोलागि हुने जोखिमका ब्यबहारहरु अझै उच्च रहेकोले उच्च सावधानी आपनाउनु पर्ने देखिन्छ ।

श्रोत: *HMIS projection FY १८/१९ र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/२७


## समग्र नेपाल र बागमती प्रदेशको संक्रमणको अवस्था बारे थप जानकारी :


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
| --- | --- | --- |
| संक्रमण देखिएको (PCR) | २६५२६८ (१००%) | १४५४२८ (१०० %) |
| निको भएको | २५८९६८ (९७.६३ %) | १४१६४१ (९७.४%) |
| उपचाररत | ४३७३ (१.६९%) | २८२८ (१.९१%) |
| मृत्यु भएको | १९२७ (०.७३ %) | ९५९ (०.६६%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/२७

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:



स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/२७

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

### ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छ:

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ४४ | २८ | ७२ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | १९ | २ | २१ |

❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छ:

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | १ | ६९ बर्षिया महिला |
| चितवन | १ | ६० बर्षिय पुरुष |
| भक्तपुर | १ | ४२ बर्षिया महिला |
| जम्मा — ३ | | |

❖ निधनको विवरण निम्न बमोजिम रहेको छ:

- काठमाडौंकी ६९ बर्षिया महिला कोभिड, निमोनिया र मुटुको समस्या भएको कारणले पौष १७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष २५ गते निधन भएको छ । उहाँको पौष १९ गते कोभिड-२९ पुष्टि भएको थियो। उहाँलाई मुटु रोगको समस्या थियो।
- चितवनका ६० वर्षिय पुरुष कोभिड, सेपटिक सक र निमोनिया भएको कारणले पौष १९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष २६ गते निधन भएको छ ।उहाँको पौष १९ गते कोभिड-२९ पुष्टि भएको थियो। उहाँलाई अन्य कुनै रोगको समस्या नभएको जानकारी प्राप्त भएको छ।
- भक्तपुरकी ४२ बर्षिया महिला कोभिड, निमोनिया र हेपाटाइटीस इ भएको कारणले पौष १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष २६ गते निधन भएको छ । उहाँको पौष १६ गते कोभिड-२९ पुष्टि भएको थियो। उहाँलाई मुटु रोगको समस्या थियो।
- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड रहेको छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २७१५ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ११३ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा ११०११५७ जनाको पिसिआर परिक्षण गरिएको छ र १४५४२८ जनामा संक्रमण देखिएको छ ।थप विवरण निम्न बमोजिम रहेको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ६१२१४५ | ९८९२४ | २३० | |
| ललितपुर | २७५७३९ | १५६६४ | ६९ | |
| भक्तपुर | २४३७९ | ९०३० | १५ | |
| रसुवा | ३५८५ | २३० | ० | |
| नुवाकोट | १०३४६ | १४५८ | ० | |
| धादिङ | ६४८९ | १७२५ | १ | |
| चितवन | ६७६६३ | ७६०२ | २० | |
| सिन्धुली | ४२७० | ५७९ | २ | |
| मकवानपुर | ३४३२८ | ४३७५ | ५ | |
| रामेछाप | ३०७३ | ५६१ | ० | |
| दोलखा | ३४३९ | ७६२ | ३ | |
| काभ्रेपलान्चोक | ४९००० | ३५२० | ८ | |
| सिन्धुपाल्चोक | ६७०१ | ९९८ | ३ | |
| जम्मा | ११०११५७ | १४५४२८ | ३५६ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७७/०९/२७ )

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य:**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र

अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

### ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर.  परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४२०९ | ५ | ५ | ० | ५ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७३५३ | परिक्षणको रिपोर्ट आउन बाकीं । | | | | |
| त्रिशुली अस्पताल प्रयोगशाला | ३९०४ | | | | | |
| भक्तपुर अस्पताल प्रयोगशाला | १३८२ | २१ | २१ | भक्तपुर - १ | १९ | |
| सिन्धुली अस्पताल प्रयोगशाला | ३३६ | परिक्षणको रिपोर्ट आउन बाकीं । | | | | |

### ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p३.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः** https://covid१९.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid१९.ndrrma.gov.np/

**-कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-१९-situation-updates

**-विश्व स्वास्थ्य संगठन / नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई